# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

## विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको सूचना

गैरआवासीय नेपाली **"संघ"** को ९ औँ अन्तर्राष्ट्रिय महाधिवेशनबाट संघको आर्थिक प्रतिवेदन एवं विधान संशोधन सम्बन्धमा छलफलका लागि विशेष अन्तर्राष्ट्रिय महाधिवेशन आह्वान गर्ने तय भएको अवगत नै छ । तर, कोभिड–१९ को विश्वव्यापी महामारीका कारण भौतिक रुपमै उपस्थित भएर महाधिवेशन आयोजना, सञ्चालन एवं व्यवस्थापन गर्ने वातावरण अझै बन्न सकेको छैन । यसै विषयलाई मनन गरी अनलाईन मार्फत डिजिटल सफ्टवेयरको प्रयोग गरी भर्चुअल (अनलाईन) विशेष अन्तर्राष्ट्रिय महाधिवेशन सञ्चालन अनुमतिका लागि नेपाल सरकारको परराष्ट्र मन्त्रालय समक्ष माग गरिएकोमा मिति २०७७/०६/१५ तदनुसार १ अक्टोबर २०२० (सन्) मा मन्त्रालयबाट सकारात्मक पत्र प्राप्त भयो । सोही आधारमा मिति २०७७/०५/०६ तदनुसार २२ अगस्ट २०२० (सन्) मा सम्पन्न ७४ औँ बैठक र मिति २०७७/०८/०७ तदनुसार २२ नोभेम्बर २०२० (सन्) मा सम्पन्न ७५ औँ बैठकबाट विशेष अन्तर्राष्ट्रिय महाधिवेशन विषयसूची पारित गरियो । अतः माथि उल्लेखित मितिमा सम्पन्न ७५ औँ बैठकबाट संघको विशेष अन्तर्राष्ट्रिय महाधिवेशन निम्न मिति, समय र माध्यमबाट देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरि बस्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्ने मिति, समय र स्थान:**

**मितिः** २०७७/१०/१० (सन् २३ जनवरी २०२१) र मिति २०७७/१०/११ (सन् २४ जनवरी २०२१) ।

**समयः** नेपाल समय अनुसार बिहान ११:०० बजे ।

**माध्यमः** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको जोखिमका कारण विशेष अन्तर्राष्ट्रिय महाधिवेशन अनलाईन/भर्चुअल प्रविधि मार्फत हुनेछ । महाधिवेशनमा सहभागिताका लागि प्रतिनिधि महानुभावहरुलाई विशेष अन्तर्राष्ट्रिय महाधिवेशनमा सहभागी हुनका लागि Link, Meeting ID तथा Passcode उपलब्ध गराईनेछ ।

२. **छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची:**

क) गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को २०१७-२०१९ को मिति २०७४/०६/३० (सन् १६ अक्टोबर २०१७) देखि मिति २०७६/०६/२३ (सन् १० अक्टोबर २०१९) सम्मको आय–व्ययको विवरण र सम्पत्ति–दायित्वको विवरण, २०७५ र २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त क्रमशः आर्थिक वर्ष २०७४/०७५ (२०१७-२०१८) र आर्थिक वर्ष २०७५/०७६ (२०१८-२०१९) को आय–व्ययको विवरण, सम्पत्ति–दायित्वको विवरण, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक प्रतिवेदन छलफल गरी पारित गर्ने । आर्थिक प्रतिवेदन यसै सूचनाका साथ समावेश गरिएको ।

ख) गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ को संशोधन सहित) मा संशोधन गर्ने । विधान संशोधन प्रस्ताव यसै सूचनाका साथ समावेश गरिएको ।

३. **विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको सम्बन्धमा थप जानकारी:**

(क) सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्हरुलाई निम्नानुसार विशेष अन्तर्राष्ट्रिय अधिवेशनमा भाग लिने प्रतिनिधिहरु पठाउनु हुन अनुरोध गरिन्छ।

(ख) सन् २०१९ का ९ औँ अन्तर्राष्ट्रिय महाधिवेशनमा दर्ता भएका प्रतिनिधिहरुले सन् १ जनवरी २०२० सम्म निम्न विवरण सहित आफ्नो नाम राष्ट्रिय समन्वय परिषद्मा दर्ता गर्नुपर्ने छ।

| |
|---|
| नामः |
| संघको सदस्यता संख्याः |
| जन्म मितिः |
| **इमेल:** |
| फोन नम्बरः |
| राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा काम गरेको भए पद र कार्यकालको मिति (उच्चतम पद मात्र): |
| क्षेत्र वा प्रान्तः |

(ग) विशेष महाधिवेशनमा भाग लिने प्रतिनिधि गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने छ।

(घ) बुँदा नं. ३(ख) अनुसार प्राप्त प्रतिनिधिहरुको संख्या विधानको **अनुसूची ६** मा तोकिएको संख्या भन्दा कम भएमा सो संख्याको हद सम्म सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले थप प्रतिनिधि पठाउन पाउने वा नपाउने पछि सूचित गरिनेछ।

(ङ) बुँदा नं. ३(घ) अनुसार प्राप्त प्रतिनिधिहरुको नामावलीको विवरण सम्बन्धित राष्ट्रिय समन्वय परिषद्बाट **सन् ७ जनवरी २०२१, बेलुकी २३:५९ (नेपाल समय)** अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाउनुपर्ने छ।

(च) राष्ट्रिय समन्वय परिषद्बाट प्राप्त प्रतिनिधि सदस्यहरुको नामावलीको प्रकाशन **सन् ९ जनवरी २०२१** मा प्रकाशन गरिनेछ।

(छ) प्रतिनिधिको नामावली उपर उजुर गर्नका लागि **सन् १० जनवरी २०२१** सम्म दिईनेछ।

(ज) प्रतिनिधिको अन्तिम नामावली **सन् ११ जनवरी २०२१** मा प्रकाशन गरिनेछ।

(झ) प्रतिनिधिहरुको नामावली अन्तिम भएपछि सम्बन्धित प्रतिनिधिहरुको व्यक्तिगत इमेलमा प्रमाणीकरणको लागि इमेल पठाईनेछ।

(ञ) इमेलमा प्रमाणीकरण पश्चात विशेष अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लगि Zoom को Meeting ID तथा Passcode प्रतिनिधिहरुको व्यक्तिगत इमेलमा पठाईनेछ।

................................. .................................
डा. हेम राज शर्मा कुमार पन्त
महासचिव अध्यक्ष

२३ डिसेम्बर २०२०